**प्रस्तावहरुः**

२०८१।०८२-०६।०१ अघिल्लो कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयन समिक्षा सम्बन्धमा

२०८१।०८२-०६।०२ गाउँपालिकाबाट नागरिकलाइ उपलब्ध गराउने सेवा प्रवाह प्रभावकारीता वढाउने सम्बन्धमा ।

२०८१।०८२-०६।०३ संघ, प्रदेश लगायतका अन्य कार्यालयहरुबाट प्राप्त पत्र, निर्देशन, सूचना तथा यस कार्यालयबाट भए, गरेका कार्यहरुको जानकारी सम्बन्धमा ।

२०८१।०८२-०६।०४ गाउँपालिका अध्यक्ष लगायत अन्य जनप्रतिनिधिहरु उपस्थित भएको कार्यक्रमहरुको बारेमा जानकारी तथा अनुभव आदानप्रदान सम्बन्धमा ।

२०८१।०८२-०६।०५ रूपा गाउँपालिका १ नं वडा कार्यालयको प्रशासकीय भवन सम्बन्धमा।

२०८१।०८२-०६।०६ सहायक चौथो तह, असिस्टेन्ट सव इन्जिनयर दूष्यन्त न्यौपानेको पदस्थापन अनुमति सम्बन्धमा ।

२०८१।०८२-०६।०७ ब्याक्हो लोडर सहायक र कार्यालय सहयोगी कर्मचारी सेवा करारमा भर्ना गर्ने सम्बन्धमा।

२०८१।०८२-०६।०८ गाउँसभा सञ्चालन सम्बन्धमा ।

२०८१।०८२-०६।०९ सार्वजनिक सुनुवाइ तथा चौमासिक समिक्षा कार्यक्रमको जानकारी/समिक्षा सम्बन्धमा ।

२०८१।०८२-०६।१० रूपा गाउँपालिका कास्कीको प्रशासकीय भवन निर्माणको लागि डिपिआर स्वीकृत सम्बन्धमा ।

२०८१।०८२-०६।११ मौरी प्रवर्धन कार्यक्रम सम्बन्धमा ।

२०८१।०८२-०६।१२ बिबिध सम्बन्धमा ।

कार्यक्षेत्रगत शर्त स्वीकृत सम्बन्धमा ।

**निर्णयहरुः**

**कार्यपालिका निर्णय नं २०८१/०८२-०६।०१**

प्रस्ताव नं २०८१/०८२-०६।०१ उपर छलफल गर्दा १५६ औ कार्यपालिका बैठकका निर्णयहरुको कार्यान्वयनको अवस्थाको बारेमा छलफल तथा समिक्षा गरियो ।

**कार्यपालिका निर्णय नं २०८१/०८२-०६।०२**

प्रस्ताव नं २०८१/०८२-०६।०२ उपर छलफल गर्दा गाउँपालिकाबाट नागरिकलाई उपलब्ध गराउने सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन सार्वजनिक सेवा तथा क्षमता विकास समितिलाई सक्रिय बनाई जनगुनासोका विषयलाई सम्बोधन गरी सेवा प्रवाहलाई थप प्रभावकारी बनाउने निर्णय गरियो ।

**कार्यपालिका निर्णय नं २०८१/०८२-०६।०३**

प्रस्ताव नं २०८१/०८२-०६।०३ उपर छलफल गर्दा संघ, प्रदेश तथा अन्य निकायहरुबाट प्राप्त पत्र तथा निर्देशनहरु र कार्यालयमा भए, गरेका कार्यहरुको बारेमा जानकारी गरियो ।

**<u>कार्यपालिका निर्णय नं २०८१/०८२-०६।०४</u>**

प्रस्ताव नं २०८१/०८२-०६।०४ उपर छलफल गर्दा गाउँपालिका अध्यक्ष लगायत अन्य जनप्रतिनिधिहरु उपस्थित भएका तपसिलका कार्यक्रमहरुको बारेमा जानकारी तथा अनुभव आदानप्रदान गरियो।

जिल्ला समन्वयात्मक वैठक

प्रदेश मन्त्रालयको आयोजनामा योजना/कार्यक्रम निर्माण सम्बन्धी गोष्ठी

रूपा रिङरोडको बैठक

**<u>कार्यपालिका निर्णय नं २०८१/०८२-०६।०५</u>**

प्रस्ताव नं २०८१/०८२-०६।०५ उपर छलफल गर्दा तपसिलका निर्णयहरू गरियो ।

तपसिलः

क) रूपा गाउँपालिका १ नं वडा कार्यालयको हालको स्थानमा रहेको प्रशासकीय भवन बहुसङ्ख्यक नागरिकहरूको लागि अपायक भएको र वडाबासीको जनघनत्व वढी भएको तथा पायक पर्ने रूपा गाउँपालिका वडा नं १ दरगाउँटारमा वडा केन्द्र स्थानान्तरण गर्नुपर्ने देखिएकाले वडा कार्यालयको केन्द्र परिवर्तन गरी रूपा १ दरगाउँटारमा वडाको केन्द्र कायम गरिदन वडा कार्यालयले सिफारिस सहित निर्णय पेस भएको। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६ को उपदफा ७ बमोजिम वडा समितिको परामर्शमा गाउँसभाको तत्काल कायम रहेको सदस्य सङ्ख्याहरुको दुइ तिहाइ बहुमतले वडाको केन्द्र हेरफेर गर्न सक्ने व्यवस्था रहेकाले आगामी हिउँदे गाउँसभाबाट अनुमोदन हुनेगरी रूपा गाउँपालिका १ नं वडा कार्यालयको केन्द्र रूपा १ दरगाउँटारमा कायम गर्ने निर्णय गरियो ।

**ख)** प्रस्तुत विषयमा रूपा गाउँपालिका १ नं वडा कार्यालयको प्रशासकीय भवन निर्माण प्रयोजनार्थ जग्गा प्राप्ति गर्नुपर्ने सम्बन्धमा रूपा गाउँपालिका वडा नं १ ,दरगाउँटार) साविक थुम्की-१ , फल्याङ्कोट (निवासी शिव बहादुर गोदार क्षेत्रीको नाउँमा दर्ता श्रेष्ता कायम रहेको सि.नं ०९४-११७८ ,कि.नं १, क्षेत्रफल ३-५-१-१ मध्येबाट पुर्वतर्फ ०-५-०-१ क्षेत्रफल बाँकी राखी ३-०-१-० क्षेत्रफल जग्गा रूपा गाउँपालिका १ नं वडा कार्यालयको प्रशासकीय भवन निर्माणका लागि निशुल्क दिन वडा कार्यालयमा मञ्जुरी सहमती भएको । नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७५/०५/२६ को निर्णयानुसार जारी गरिएको गाउँपालिका तथा नगरपालिकाको केन्द्र निर्धारण सम्बन्धी मापदण्ड, २०७५ अनुसार वडा केन्द्र निर्माणको लागि हुनुपर्ने न्यूनतम मापदण्ड पुरा भएको पाइएकाले रूपा गाउँपालिका, १ नं वडा कार्यालयको नाउँमा उक्त जग्गा प्राप्तिको लागि प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

**कार्यपालिका निर्णय नं २०८१/०८२-०६।०६**

प्रस्ताव नं २०८१/०८२-०६।०६ उपर छलफल गर्दा लोक सेवा आयोग पोखरा कार्यालय पोखराको चलानी नं ७५२, मिति २०७६/१२/२० को पत्रानुसार सिफारिस भइ रूपा गाउँ कार्यपालिकाको कार्यालयमा इन्जिनियर सेवा, सिभिल समूह, चौथो तह, असिस्टेन्ट सब-इन्जिनियर पदमा श्री दुष्यन्त न्यौपाने (क.स.न. २४०५४८) मिति २०७७/०३/०१ मा स्थायी नियुक्ति भइ कार्यरत रहेकोमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौंको चलानी नं १२९५, मिति २०७८/०८/२० को पत्र र यस कार्यालयको चलानी नं ५२२, मिति २०७८/०९/११ को पत्रानुसार चन्दननाथ नगरपालिका, जुम्लामा कामकाजमा रमाना हुनुभएको खटाइएको। यस कार्यालयमा पदाधिकार रही चन्दननाथ नगरपालिका, जुम्लामा काजमा खटाइएका श्री दुष्यन्त न्यौपानेले कर्णाली प्रदेश सरकारको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ दफा १३६ को उपदफा २ बमोजिम कार्यरत स्थानीय तहमानै पदाधिकार रहनेगरी पदस्थापनका लागि सहमति प्रदान गरिदिन निवेदन पेस गरेकाले उल्लिखित ऐन अनुसार निज कार्यरत स्थानीय तहमा पदाधिकार रहनेगरी पदस्थापनको लागि सहमति प्रदान गर्ने।साथै यस कार्यालयमा कार्यरत हुँदा निजले कट्टी गरेको योगदानमा आधारित निवृत्तीभरण, सञ्चयकोष, सावधिक जीवन बिमा बापतको रकम निजले प्राप्त गर्न समेत सहमति प्रदान गर्ने निर्णय गरियो ।

**कार्यपालिका निर्णय नं २०८१/०८२-०६।०७**

प्रस्ताव नं २०८१/०८२-०६।०७ उपर छलफल गर्दा तपसिलका निर्णयहरू गरियो ।

तपसिलः

क) रूपा गाउँपालिका कास्कीको नाउँमा रहेको व्याक्हो लोडर सञ्चालनमा रहेकाले उक्त जेसीवी सञ्चालनका क्रममा उक्त साधन चालकलाई सहयोगी तथा साधनको रेखदेख गर्ने व्यक्तिको आवश्यक देखिएकाले दैनिक ज्यालादारी सेवा करारमा रूपा गाउँपालिका वडा नं ४ निवासी केशव ओझालाई नियुक्ति गर्ने निर्णय गरियो ।

ख) रूपा गाउँपालिका वडा नं ४ मा रहेको सिद्ध स्वास्थ्य चौकीमा कार्यरत कार्यालय सहयोगीको अनिवार्य अवकाश भएकाले उक्त रिक्त पदमा सेवा करारमा कार्यालय सहयोगी नियुक्ति गर्ने निर्णय गरियो ।

**कार्यपालिका निर्णय नं २०८१/०८२-०६।०८**

प्रस्ताव नं २०८१/०८२-०६।०८ उपर छलफल रुपा गाउँपालिका कास्कीको सोह्रौं गाउँसभा अधिवेशनको पहिलो बैठक मिति २०८१ पौष २६ गते शुक्रबार दिनको १.०० बजेदेखि सञ्चालन गर्ने तथा उक्त गाउँसभा बैठकको तयारीको लागी सम्बन्धित समिति तथा शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**कार्यपालिका निर्णय नं २०८१/०८२-०६।०९**

प्रस्ताव नं २०८१/०८२-०६।०९ उपर छलफल गर्दा रूपा गाउँपालिका कास्कीमा आर्थिक वर्ष २०८१।०८२ को पहिलो चौमासिकमा सार्वजनिक सेवा प्रवाह तथा भए गरेका कार्यहरू सम्बन्धमा मिति २०८१ मंसिर २४ गते सञ्चालित सार्वजनिक सुनुवाइ कार्यक्रमको समिक्षा सहित उक्त



रुपा गाउँपालिका कास्की

कार्यक्रममा उठेका जनगुनासोको सम्बोधन गर्न आवश्यक कार्यक्रमहरु अगाडि बढाउने र सम्बन्धित समिति तथा शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**कार्यपालिका निर्णय नं २०८१/०८२-०६।१०**

प्रस्ताव नं २०८१/०८२-०६।१० उपर छलफल गर्दा तपसिलका निर्णयहरू गरियो ।

क) रूपा गाउँपालिका कास्कीको प्रशासकीय भवन निर्माणको लागि लागत रकम रू १०,८७,६७,०१४।४६(अक्षेरेपि दश करोड सतासी लाख सतसट्ठी हजार चौध रूपैयाँ छयालिस पैसा) अनुमान सहित FRONTLINE PROFESSIONAL ENGINEERING SERVIVES PVT. LTD., Lalitpur, Nepal द्वारा पेस भएको संशोधित डि.पि.आर. स्वीकृत गर्ने निर्णय गरियो ।

ख) रूपा गाउँपालिका कास्कीको प्रशासकीय भवन **स्थानीय तहको प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८१** को मापदण्डका आधारमा निर्माण गर्ने र सोही कार्यविधि बमोजिम रूपा गाउँपालिका कास्कीको लागत साझेदारी समेत रहनेगरी निर्माण प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

**कार्यपालिका निर्णय नं २०८१/०८२-०६।११**

प्रस्ताव नं २०८१/०८२-०६।११ उपर छलफल गर्दा चालु आर्थिक वर्षका लागि स्वीकृत मौरी प्रवर्धन कार्यक्रम अन्तर्गत रूपा गाउँपालिका कास्की र कृषकहरूको लागत साझेदारीमा मौरीसहितको घार वितरण कार्यक्रमका लागि लागत अनुमान बराबरको रकममा बढीमा ७० प्रतिशत अनुदान कायम गरी सो बापत हुन आउने रकम रू ३५००/- कृषकको तर्फबाट साझेदारी कायम गर्ने र सो बमोजिम हुन आउने बढीमा ५ पाँच घारसम्मको रकम तोकिएको वैंकमा जम्मा गरी सोको भौचर सहित निवेदन पेस गर्न सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

**कार्यपालिका निर्णय नं २०८१/०८२-०६।१२**

प्रस्ताव नं २०८१/०८२-०६।१२ उपर छलफल गर्दा तपसिलका निर्णयहरू गरियो ।

तपसिलः

क) खर्च अनुमोदन गरी कार्यपालिकाको निर्णयबाट हुने पूँजीगत र कार्यपालिकाको निर्णयबाट हुने चालु खर्च शीर्षकमा खर्च लेख्नेगरी भुक्तानी दिने निर्णय गरियो ।

तपसिलः

| क्र.सं. | योजना तथा कार्यक्रमको नाम | स्वीकृत रकम | कैफियत |
|---|---|---|---|
| १ | भलिवल प्रतियोगिता संचालन BG Deurali Volleyball Club रुपा ५ | ५०,०००।- | चालु खर्च शीर्षक |
| २ | देउराली रामादी मोटर बाटो | ६०,०००।- | पूँजीगत खर्च शीर्षक |
| ३ | वडा स्तरीय तिज गित प्रतियोगिता जनजागृती आमा समूह रुपा ३ | २५,०००।- | चालु खर्च शीर्षक |
| ४ | निशुल्क दन्त शिविर कार्यक्रम नेलम्बो नेपाल | १,५०,०००। | चालु खर्च शीर्षक |



रुपा गाउँपालिका कास्की

| | | | |
|---|---|---|---|
| ५ | पोखरा टेलिभिजन एण्ड मिडिया प्रा.लि. कृषि तिज<br>गित प्रतियोगिता | १५,०००।- | चालु खर्च शीर्षक |

ख) रूपा गाउँपालिका वडा नं ३ स्थित स्यालडाँडामा सहिद पार्क निर्माणको लागि प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

ग) रूपा गाउँपालिकामा वडा नं ७ माझवेशीमा रहेको ढुङ्गाको EIA गरी व्यक्तिको जग्गाबाट ढुङ्गा उत्खनन् तथा निर्माणधिन रूपा रिङरोडको ढुङ्गा उत्खननको लागि अनुमति प्रदान गर्ने ।

घ) नेपाल युएस अलम्नाइ नेटवर्क काठमाडौंको आयोजनामा मिति २०८१ पुष १४ गते पोखरामा Global Conclave on climate change-2024 कार्यक्रम सञ्चालनका लागि आर्थिक सहयोग गरिदिन प्रस्तावना सहित उक्त संसथाले निवेदन पेस गरेकाले उक्त कार्यक्रम सम्पन्न भएपछि बिल भरपाइका आधारमा रकम रू २५ हजार नबढ्ने गरी भुक्तानी दिने निर्णय गरियो ।

ङ) रुपा गाउँपालिका कास्की अन्तर्गत रहेका नदिजन्य पदार्थहरूको उत्खनन्, सङ्कलन तथा विक्री वितरणको लागि मिति २०८१/०७/०७ गते ठेक्का आह्वान गरिएकोमा मादी नदी खाल्टे दोभानघाट (ठेक्का नं 7/Rupa/Revenue/2081/082) को ठेक्का मुल्याङ्कन गर्दा एकमात्र SYNTHIA AND HOM CONSTRUCTION POKHARA-14 फर्मको आवेदन परेको र सो फर्म सारभुतरूपमा प्रभावग्राही देखि मिति २०८१/०८/१० गतेको कार्यालयको पत्रानुसार पत्रका मितिले १५ दिनभित्र सम्झौता गर्न आउने भनिएको।उक्त फर्मले मिति २०८१/०८/२५ गते रकम रू १० लाखको भौचर सहित बाँकी रकम पौष मसान्तभित्र जम्मा गर्ने र सम्झौता मितिदेखि उत्खनन् गर्न मिल्ने परिमाण मात्र उत्खनन् गर्ने प्रतिवद्धता सहित सम्झौता गर्ने अवधि थपका लागि निवेदन पेस गरेको ।पूनः ठेक्का आह्वान गर्दा गाउँपालिकाको राजस्व संकलनमा घाटा लाग्ने तथा कुनैपनि फर्मको निवेदन समेत पर्न नसक्ने सम्भावना रहेको देखिएकाले उक्त फर्मले बाँकी रकम जम्मा गरेको भौचर सहित निवेदन पेस गरेमा सम्झौता मितिदेखि उत्खनन् गर्न मिल्ने परिमाणमात्र उत्खनन् गर्न दिनेगरी उक्त फर्मसँग सम्झौता गरी कार्य अगाडी बढाउने निर्णय गरियो ।

च) रूपा गाउँपालिका कास्कीको प्रथम पञ्चवर्षीय योजनाको मध्यावधि समिक्षासहित उक्त योजना संशोधन गर्न तथा मध्यमकालिन खर्च संरचना निर्माणका लागि तयार गरिएको कार्यक्षेत्रगत शर्त २०८१ संशोधन सहित स्वीकृत गरी उक्त कार्य अगाडि बढाउने निर्णय गरियो ।

मिति २०८१ पुष ०१ गते बसेको गाउँ कार्यपालिका बैठकले उपर उल्लिखत निर्णय गरेको व्यहोरा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४, उपदफा २ खण्ड (क), (ज) बमोजिम प्रमाणित गर्दछु।

.. ... .... ... ...
(चिरन्जीवी बराल)
प्रमुख प्रशासकीय अधिकृत
रुपा गाउँपालिका कास्की